जि.प्र.का. सप्तरी द.नं. ३३/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३० अंक ७७ २०७७ साल कात्तिक १ गते शनिबार (17 Oct. 2020 Saturday) मूल्य रु. ५/-

***Log on : rajbirajdainik.com.np***

**२०७५ साल भदौ १ गते लागू भएको देवानी संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- विवाह गर्नको लागि पुरुष र महिलाको उमेर बीस वर्ष पूरा भएको हुनु पर्ने,
- दर्ता विवाह (Court Marriage) जिल्ला अदालतबाट हुने,
- एकासगोलका पति पत्नीले आफ्नो सम्पत्ति, आम्दानी तथा हैसियत अनुरुप आपसी सहमतिको आधारमा घर व्यवहार चलाउनु पर्ने,
- छोरा छोरीले आमा बाबुको आज्ञा, आदेशको पालना गर्नु पर्ने,
- छोरा छोरी उपरको कर्तव्य र जिम्मेवारी आमा बाबुको बराबरी हुने,
- अंशवण्डा गर्दा गर्भको शिशुलाई समेत अंश छुट्याउनु पर्ने,
- स्याहार गर्नेले अपुताली पाउने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

*यस अंक भित्र :* २ पृष्ठमा : बडादशैं शुरु आज ... ३ पृष्ठमा : बलात्कार विरुद्ध कडा ... ३ पृष्ठमा : विद्युतीय धरापमा परेर ...

# एक सातादेखी वेपत्ता मुखियाको खोजी कार्य जारि



**दैनिक समाचारदाता**
**राजविराज, ३० असोज ।**

एक सातादेखि वेपत्ता रहेका सप्तरीको विष्णुपुर गाउँपालिका १ जमुनी मधेपुरा निवासी २५ बर्षिय श्रवण मुखियाको खोजी कार्य प्रहरीले तिब्र बनाएको छ ।

साथीसँग निस्केको बेला वेपत्ता भएपछि प्रहरीले निरन्तर खोजी जारी राखेको छ । तर, शुक्रबार रातीसम्म सफलता मिलेको छैन ।

बैदेशिक रोजगारीमा गएका उनी एक साताअघि घर फर्केका थिए । घर पुगेको केही घण्टामै गाउँका साथी सुरेन्द्र यादवसँग मोटरसाईकल खरीद गर्न राजविराज जान भनी निस्केको आमा ललिताले बताएकी छिन् । तर, अबेर राती सम्म उनी नफर्केपछि परिवारजनले खोजी सुरु गरेका थिए ।

यता सुरेन्द्रसँग श्रवणबारे सोधपुछ गर्दा उनले बिच बाटोमै छोडेको र गाउँमा भोज खान जाने भनेर उत्तै गएको जवाफ फर्काएका थिए । परिवारजनलाई शंका लागेर गाउँले समेलाई भेला गरी दवावका साथ सोधपुछ गरेपनि सुरेन्द्रले श्रवणसँग बाहिरबाट कमाएर ल्याएको पैसा तथा नयाँ मोबाईलको लोभमा परेर उसको हत्या गरेको भनी जवाफ दिएपछि प्रहरी समक्ष उजुरी गरिएको आमा ललिता देवीले सुनाईन ।

प्रहरीले नियन्त्रणमा लिएर श्रवणसँग सोधपुछ गर्दा जिल्लाको डाक्नेश्वरी नगरपालिका ६ मा पर्ने कोशी पश्चिमी नहर र पाँची नदीको दोभानमा लगि हत्या गरेको बताएका छन् ।

लागू औषधको अम्ली र दैनिक मदिरा सेवन गर्ने सुरेन्द्रको भनाईमा विश्वास नलागेपनि प्रहरीले अनुसन्धान थाल्दा घटना स्थल भनिएको स्थानबाट श्रवणको चप्पल, चाँदीको सिक्री, रुमाल र रगत लतपतिएर सुकेको अवस्थामा एक थान ब्लेड लगायतका सामान भेटेको ईलाका प्रहरी कार्यालय पातोका हवलदार तेज नारायण साहले जानकारी दिएका छन् ।

सप्तरीका प्रहरी उपरिक्षक राजेन्द्र धमलाले विगत ३ दिन देखि प्रहरीको गोताखोर सहितको टोलीले कोशी पश्चिमी नहर र पाँची नदीको दोभानमा खोज तलास गरिरेहको तर अहिले सम्म शव नभेटिएको बताएका छन् । शुक्रबार पनि सुनसरीको पकलीबाट प्रहरीको थप गोताखोरको टोली आएर खोजतलास गरिरहेको तर अत्याधिक पानी भएकाले समस्या आएको बताए ।

# मोटरसाइकल दुर्घटनामा दुईको मृत्यु, दुई गम्भिर

**दैनिक समाचारदाता**
**राजविराज, ३० असोज ।**

सप्तरीको खडक नगरपालिका ११ बनौलीमा बिहीबार राती दुई वटा मोटरसाइकल एकआपसमा ठोक्किँदा दुई जनाको मृत्यु भएको छ ।

मृत्यु हुनेमा डाक्नेश्वरी नगरपालिका १० बनौलीका ३० वर्षीय हाकिम राइन र खडक नगरपालिका ११ बिसहरियाका २९ वर्षीय नरेश साह रहेको इलाका प्रहरी कार्यालय कल्याणपुरले जनाएको छ ।

पश्चिमबाट पूर्वतर्फ गइरहेको स८प ८४८१ नं को मोटरसाइकल र विपरीत दिशाबाट आउँदै गरेको प्रदेश २-०१-००१ त ३७०१ नं को मोटरसाइकल एकआपसमा ठोक्किएको थियो । मृतक हकिम स.८प. ८४८१ नं को मोटरसाइकलमा पछाडी सवार थिए । उक्त मोटरसाइकलका चालक डाक्नेश्वरी नगरपालिका १० बनौलीका २२ वर्षीय गुड्डु अन्सारी गम्भीर घाइते भएका छन् ।

त्यस्तै अर्का मृतक खडक नगरपालिकाका ११ बिसहरियाका साह प्रदेश २-०१-००१ त ३७०१ नं को मोटरसाइकलका चालक हुन् । उक्त मोटरसाइकलमा पछाडी सवार उनकी २६ वर्षीया पत्नी सुनिता साह गम्भीर घाइते भएकी छिन् । घाइतेको उपचारका लागि विरागटनगर पठाइएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

हुलाकी सडकअन्तर्गत पर्ने सो सडकखण्डमा बिहीबार राति भएको दुर्घटनामा गम्भीर घाइते भएका दुवै जनाको बोदेवर्साइनस्थित जीवनदीप अस्पतालमा उपचारको क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# एक साताका लागि निषेधाज्ञा

**दैनिक समाचारदाता**
**राजविराज, ३० असोज ।**

वडा दशैं नजिकिएसँगै कोभिड १९ संक्रमणलाई दृष्ट्रिगत गरी जिल्ला सुरक्षा समिति, सप्तरीले जिल्लाको शक्तिपिठ र मन्दिरहरुलाई निषेधित क्षेत्र घोषणा गरेको छ ।

समितिको बिहीबारको बैठकले बिहीबार राति ११ बजेदेखि आगामी मंसिर ७ गते राति ११:३० बजे सम्मका लागि निषेधाज्ञाको अवधि कायम गरिएको छ ।

जिल्ला प्रशासन कार्यालयका प्रशासकीय अधिकृत आनन्दकुमार

***बाँकी अन्तिम पृष्ठमा***

**शुभकामना**

हिन्दुहरुको महान चाडपर्व वडा दशैं, शुभ दिपावली तथा छठ पर्वको उपलक्ष्यमा सम्पूर्ण नेपालीमा मंगलमय शुभकामना व्यक्त गर्दछौं ।



**राजविराज दैनिक, परिवार**

**NOVEL CORONA VIRUS (nCOV)**
**सर्वसाधारणका लागि जनचेतनामुलक संदेश**

**नोवेल कोरोना भाइरसका मुख्य लक्षणहरू**



ज्वरो
(१००.४°F भन्दा माथि)



श्वास प्रश्वासमा अत्याधिक समस्या



रुघा र खोकी

*"नोवेल कोरोना भाइरस प्रभावित देशहरूबाट आउने मानिसहरूमा दुई हप्ता भित्र रुघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी/टाउको दुखेमा, श्वासप्रश्वासमा अत्याधिक समस्या भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने ।"*

**नोवेल कोरोना भाइरसबाट कसरी आफू र अरूलाई बचाउने?**

नियमित रूपमा साबुन-पानीले हात धुने ।



खोक्दा र हाच्छुं गर्दा नाक र मुख छोप्ने ।



फ्लू जस्तो लक्षण (Flu-like symptoms) देखिएमा चिकित्सकसँग परामर्श लिने ।



फ्लू जस्तो लक्षण देखाउने जो कोहीको सम्पर्कबाट टाढा रहने ।



जंगली तथा घरपालुवा पशुपन्छी सँगको असुरक्षित सम्पर्कबाट टाढा रहने ।



पशुजन्य मासु तथा अन्डा राम्रोसंग पकाएर मात्र खाने ।



नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

## सम्पादकीय ....

# सावधानीपूर्वक मनाऔं दशैं

हिन्दुहरुको महान पर्व वडा दशैं आजदेखी सुरु भएको छ। दश दिनसम्म माँ दुर्गाको पूजापाठ गरिने यस पर्वको पहिलो दिन जमरा रोपिन्छ। जुन दशौं दिन निधारमा टिका लगाई शिरमा जमरा थापिने चलन रहिआएको छ। तर यस पटकको अवस्था भने फरक रहेको छ। यस पटकको दशैं घरमै सीमित भएर मनाउनु पर्ने बाध्यता रहेको छ। कोरोना भाइरसको महामारीको रुपमा अहिले समुदायस्तरमा फैलिएको छ। यो रोग एक व्यक्तिदेखी अर्को व्यक्तिमा सर्ने भएकोले आफै एकान्त बस्नु नै रोगबाट बच्ने अन्तिम उपाय हो।

दशैं सुरु भइसकेको अवस्थामा सबैले यसलाई श्रद्धासुमनका साथ मनाउनु पनि पर्छ र महामारीसँग लड्न सावधानी पनि अपनाउनु जरुरी रहेको छ। तसर्थ महामारीकाबीच मनाइदै गरिएको दशैंमा माँग दुर्गाले महामारीलाई परास्त गर्ने शक्ति प्रदान गरुन भन्दै यस पटकको दशैं मात्र नभएर आउँदो अन्य चाडपर्व पनि सावधानीपूर्वक मनाऔं भन्दै सबैमा शुभकामना।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# बडादशैं शुरु: आज घटस्थापना

काठमाडौँ, १ कात्तिक (रासस)।

प्रत्येक वर्ष आश्विन शुक्ल प्रतिपदादेखि शुरु हुने नेपालीको महान् पर्व बडादशैं आजदेखि शुरु भएको छ। आश्विन शुक्ल पूर्णिमासम्म १५ दिन दुर्गापक्षमा धूमधामका साथ मनाइने बडादशैंको पहिलो दिन आज घरघरमा विधिपूर्वक दियो, कलश र गणेश स्थापनासहित घटस्थापना गरिन्छ। पूजा कोठा वा दशैंघरमा वैदिक विधिपूर्वक शक्तिकी अधिष्ठात्री दुर्गाको आह्वान गरी पूजारम्भ हुन्छ।

नवरात्रको पहिलो दिन आज बिहानै नित्य कर्म समाप्त गरी नजीकको नदी वा चोखो स्थलबाट बालुवा वा माटो ल्याई गाईको गोबरले लिपपोत गरिएको पूजाकोठा अथवा दशैंघरमा विधिपूर्पक राखेर त्यसमाथि यव(जौ)रोपिन्छ। यव अङ्कुर दुर्गा देवीको प्रिय वस्तु भएकाले आज रोपण गरी दुर्गालाई चढाएर विजयादशमीको दिन टीका प्रसादसितै समृद्धिको प्रतीक पहेँलो जमरा ग्रहण गरिन्छ।

जमरा राख्ने कार्यमा जौबाहेक अरु अन्न रोप्ने शास्त्रीय विधि नभएको नेपाल पञ्चाङ्ग निर्णायक समितिका अध्यक्ष प्रा डा रामचन्द्र गौतमले बताउनुभयो। कुल परम्परानुसार कसैले अन्य अन्न पनि जौसितै रोप्ने गरेका छन्। जमरालाई आयुर्वेदिक औषधिका रुपमा समेत प्रयोग गरिन्छ।

विधिपूर्वक घट अर्थात् घडा राखी त्यसमाथि शक्तिस्वरुपा दुर्गाको पूजाराधना गरिने आजको दिन स्थापना गरिएको पूर्ण कलशको जलले अभिषेक गरी विजयादशमीका दिनमा देवीको प्रसाद ग्रहण गरिन्छ।

घटस्थापनाको साइत आज बिहान ११:४६ बजे रहेको समितिले जनाएको छ। आज दिनभर चित्रा नक्षत्र परेकाले शास्त्रीय वचनानुसार मध्याह्नकालमा अभिजित् मुहूर्तको साइत घटस्थापनाका लागि दिइएको अध्यक्ष गौतमले बताउनुभयो।

सूर्योदयकालमा प्रतिपदा भएका दिनमा घटस्थापना गर्नुपर्छ भन्ने शास्त्रीय मान्यतानुसार नै समितिले आजको दिनलाई घटस्थापना भनी निर्णय गरेको पनि उहाँले जानकारी दिनुभयो।

दुर्गाका तीन रुप महाकाली, महालक्ष्मी र महासरस्वतीको नवरात्रभर विधिपूर्वक आह्वान गरी पूजाराधना गरिन्छ। महाकाली शक्ति, महालक्ष्मी धनधान्य र ऐश्वर्य तथा महासरस्वतीलाई विद्या र बुद्धिको प्रतीकका रुपमा पूजाराधना गर्ने वैदिककालदेखिको परम्परा छ।

दुर्गाले आसुरी प्रवृत्तिको प्रतीक चण्ड, मुण्ड, शुम्भ, निशुम्भ, रक्तबीजलगायत राक्षसलाई वध गर्न लिएका नौ रुपको दुर्गा पक्षका अवसरमा विशेष पूजाआजा र आराधना गर्ने गरिन्छ।

**नौ दिन नौ दुर्गाको पूजा**

यस पक्षको पहिलो दिन शैलपुत्री, दोस्रो दिन ब्रह्मचारिणी, तेस्रो दिन चन्द्रघण्टा, चौथो दिन कुष्माण्डा, पाँचौं दिन स्कन्दमाता, छैटौं दिन कात्यायनी, सातौं दिन कालरात्रि, आठौं दिन महागौरी र नवौं दिन सिद्धिदात्रीको पूजाराधना गर्ने गरिन्छ। दुर्गाका यी नौ रुपलाई नवदुर्गा पनि भन्ने गरिन्छ।

आसुरी एवं राक्षसी प्रवृत्तिबाट मानवलाई जोगाएकाले समस्त मानव जातिले नै दुर्गादेवीको पूजाराधना गर्ने शास्त्रीय नियम छ। दुर्गापूजा र दशैं पर्व कुनै जात एवं धर्म विशेषको नभएको शास्त्रीय प्रमाण रहेको धर्मशास्त्रविद् गौतमले बताउनुभयो। दशैंलाई असत्यमाथि सत्य र आसुरी शक्तिमाथि दैवी शक्तिको विजयको प्रतीकका रुपमा मनाउने गरिन्छ।

दुर्गाको प्रतीकका रुपमा आजको दिनदेखि महानवमीसम्म प्रत्येक दिन छुट्टाछुट्टै नौ कन्याको पूजासमेत गरिन्छ। यसरी पूजा गरिने कन्या दुई वर्षमाथिका हुनुपर्ने शास्त्रीय विधान छ।

वडादशैंको सातौं दिन धार्मिक विधिअनुसार फूलपाती भित्र्याइन्छ। महाअष्टमी र महानवमीका दिन बलिपूजा गर्नेहरुले दशैंघर, कोत र शक्तिपीठमा बलिसहित विशष पूजा गर्छन्।

नवरात्रभर दुर्गासप्तशती चण्डी, श्रीमद्देवीभागवत र अन्य देवीस्तोत्र एवं स्तुतिको पाठ पारायण पनि गरिन्छ। यस अवसरमा नक्साल भगवती, शोभा भगवती, नाला भगवती, पलाञ्चोक भगवतीलगायत देशभरका शक्तिपीठमा पूजाराधना एवं दर्शन गर्ने भक्तजनको भीडसमेत लाग्ने गरेकामा यस वर्ष कोरोना भाइरसको सङ्क्रमणका कारण सबैजसो मन्दिर बन्द छ। शक्तिपीठमा नित्य पूजा भने गरिने जनाइएको छ।

**टीकाको साइत कात्तिक १० गते १०:१९ बजे**

दशैं नौ रात र दश दिनको हुन्छ। आज विधिपूर्वक घरघरमा आह्वान गरी पूजााराधना गरिने देवीलाई कात्तिक १० गते विजयादशमीका दिन विसर्जन गरी मान्यजनबाट प्रसादका रुपमा टीका, जमरा र फूल प्रसाद ग्रहण गरिन्छ।

कात्तिक १० गते देवी विसर्जनको साइत बिहान १०:११ बजे रहेको समितिले जनाएको छ। टीका प्रसाद ग्रहणका लागि साइत खोज्नेका लागि भने १० : १९ बजेको साइत उत्तम छ। विजयादशमीदेखि कोजाग्रत पूर्णिमामा अखिल बलि पूर्ति नभएसम्म देवीको प्रसाद लगाउने शास्त्रीय विधि छ।

विजयादशमीदेखि कोजाग्रत पूर्णिमाका दिनसम्म आफ्ना मान्यजनबाट देवीको प्रसाद र आशीर्वाद ग्रहण गरिन्छ। यस वर्ष कोरोनाबाट बच्न घरघरमै सुरक्षित रहेर मान्यजनबाट आशीर्वाद लिनुपर्ने छ। व्यक्तिको शरीर रहे मात्र चाडपर्व मनाउन सकिने भएकाले सुरक्षित तरिकाले दशैं मनाउन समितिले आह्वान गरेको छ।

पूर्णिमाका दिन धनधान्यकी प्रतीक महालक्ष्मीको व्रत बसी रात्रि जाग्राम रहेर पूजा लगाई धन, ऐश्वर्य प्राप्तिको कामना गरिन्छ। यस दिन जाग्राम बस्ने मानिसलाई लक्ष्मीले धनधान्य दिई सम्पन्न बनाइदिने धार्मिक विश्वास छ। आजको दिन घटस्थापना गरेर राखिएको जमरा कोजाग्रत पूर्णिमाकै दिन चोखो स्थानमा लगी विसर्जन गरिन्छ।

**दशैंघरमा विशेष पूजा**

परम्परानुसार काठमाडौँको हनुमानढोका दरबारस्थित दशैंघरमा आजैदेखि वैदिक विधिअनुसार जमरा राखी शक्तिस्वरुपा देवीको पूजाराधना शुरु हुन्छ। शनिबार बिहान चित्रा नक्षत्रको पूजा एवं हवन गरी समितिले दिएको साइतमा घटस्थापना गरिने हनुमानढोका दरबार हेरचाह अड्डाका प्रमुख सन्दीप खनालले बताउनुभयो।

दशैंघरमा घटस्थापनापछि दैनिक बलि दिई विधिपूर्वक पूजाराधना गरिन्छ। यस वर्ष महानवमीका दिन हनुमानढोकाको कोतमा दिइने ५४ बोका र ५४ राँगासहितको बलि भने कोरोनाका कारण स्थगत गरिएको उहाँले सुनाउनुभयो।

रोजगारी, अध्ययन एवं अन्य कामविशेषले आफ्नो घर बाहिर रहेका मानिसहरु दशैंको अवसर पारेर घर फर्कने र परिवारका साथ बसेर महान् पर्व मनाउँछन्। यसैले बडादशैंलाई पारिवारिक पुनर्मिलनको पर्वका रुपमा समेत लिइन्छ।

धेरैजसो शैक्षिक संस्थाले दशैंका अवसरमा आजैदेखि सार्वजनिक बिदा दिने गरेका छन्। यस वर्ष भने कोरोनाका कारण लामो समय शिक्षण संस्था बन्द रहेकाले केही दिन अनलाइन कक्षा जारी रहने जनाइएको छ। कोरोनाको सात महिना पूरा भइसक्दा पनि धेरैजसो शैक्षिक संस्थाले अनलाइनबाटै कक्षा चलाइरहेका छन्। केही शैक्षिक संस्था मात्र खुलेका छन्। दशैंका मुख्यदिन मात्र अनलाइन कक्षा चलाएर बाँकी दिन अध्यापन गराउने धेरैजसो स्थानीय तहको तयारी छ।

# देशभरका धेरै सडकमा खाल्डाखुल्डी, मर्मतको रकम खर्च भएन

काठमाडौँ, ३० असोज (रासस)।

देशभरका राष्ट्रिय राजमार्गसहित शहरी सडक र ग्रामीण सडकमा मर्मतको अभावमा अवस्था झन खराब भइरहँदा सडक मर्मतका लागि छुट्टाइएको बजेट भने खर्च हुन सकेको छैन।

सडक बोर्ड नेपालले गत आर्थिक वर्षमा छुट्टाएको बजेटमध्ये ६४ दशमलव ७२ प्रतिशत मात्रै खर्च भएको पाइएको छ। रणनीतिक सडक मर्मतको काम सडक विभागले गर्दै आएको छ। गत आवमा विभागको आर्थिक प्रगति ७१ दशमलव ५२ प्रतिशत छ भने नगरपलिकाको २४ दशमलव ४३ प्रतिशत छ। त्यस्तै, बोर्डले मर्मतका लागि छुट्ट्याइएको बजेटमध्ये १२ दशमलव ३२ प्रतिशत र स्थानीय पूर्वाधार विभागको १४ दशमलव ६३ प्रतिशत मात्र खर्च भएका छन्।

सडक विभागलगायत अरु निकायले पनि निर्माणलाई ध्यान दिए पनि मर्मतलाई कम ध्यान दिएकोको बोर्डका प्राविधिक निर्देशक सागर ज्ञवलीले बताउनुभयो। उहाँका अनुसार सडक विभागले अझै पनि विकास पुगेन भन्दै नयाँ निर्माणलाई बढी केन्द्रीत हुँदा मर्मतले कम प्राथमिकता पाएको छ। उहाँले भन्नुभयो, “सडक मर्मत लक्ष्यानुसार नहुनुमा बजेटभन्दा प्राथमिकतामा कमी हो ।”

नियमित सडक मर्मतसम्भारका लागि सुन्तला रङ्गका लुगा लगाएका व्यक्ति नियमित रुपमा सडकमा खटिनुपर्ने प्राविधिक निर्देशक ज्ञवलीले बताउनुभयो। “नाला सफा गर्ने र सडकलाई दुरुस्त बनाउने जिम्मेवारी भए पनि राजमार्गमा उनीहरुलाई कम देख्ने गरिएको छ”, उहाँले भन्नुभयो, “यसको मतलब कार्यान्वयन कम भएको हो ।” बोर्डले नियमित, पटके, आवधिक, विशेष, आकस्मिक गरी सडकको अवस्था र आवश्यकताअनुसार मर्मतका लागि बजेट छुट्ट्याउँदै आएको छ। निर्देशक ज्ञवलीका अनुसार खाल्डा पुर्ने कामका लागि माग भएअनुसार नै पैसा दिए पनि खाल्डा टालिएको छैन। आवधिक मर्मत मागानुसार पैसा दिन नसकिएको तर छुट्ट्याइएको रकम समेत खर्च हुन नसकेको उहाँले बताउनुभयो। उहाँले भन्नुभयो, “पाँच सय किमी माग हुँदा तीन सय किमीमा पनि काम भएको छैन् ।”

बोर्डले विनियोजन गरेको बजेट अनुसारको रकम खर्च नहुनुमा अर्को महत्वपूर्ण कारण कम रकममा ठेक्का कबुल हुनु पनि रहेको उहाँको भनाइ छ। काम गर्ने निकाय मात्रै होइन, निर्माण कम्पनीले पनि नयाँ निर्माणभन्दा सडक मर्मतमा कम चासो दिने गरेको पाइन्छ। उहाँले भन्नुभयो, “निर्माणमा थोरै क्षेत्रफलमा काम गर्दा धेरै रकमको काम हुन्छ तर मर्मतमा थोरै रकममा धेरै क्षेत्रफलमा काम हुने भएकाले पनि यसमा सबैको ध्यान कम गएको हो ।”

लक्ष्यानुसार मर्मत हुन नसक्नुका कारण आवश्यक जनशक्तिको कमी भएको सडक विभागले बताउँदै आएको छ। बोर्डको ऐनले स्थानीय सडकको मर्मत नगरपालिका र जिल्ला विकास समितिमार्फत गर्ने उल्लेख छ। सङ्घीय सडकका लागि ७० प्रतिशत र स्थानीय सडकलाई ३० प्रतिशत रकम छुट्ट्याइने गरिएको हो। अहिले पनि नगरपालिका, उपमहानगरपालिका र महानगरपालिकालाई पहिलेदेखि दिइँदै आइएको रकम दिएको छ। पहिले जिविसले निर्माण र मर्मत गर्ने ग्रामीण सडकको जिम्मेवारी अहिले गाउँपालिकामा आएकाले त्यो रकम गाउँपालिकालाई दिने गरिएको छ। देश सङ्घीयतामा गएपछि विभिन्न सडक प्रदेशमा हस्तान्तरण भएको छ। बोर्डले भने अहिलेसम्म प्रदेशमा सडक मर्मतका लागि रकम नछुट्ट्याइएको उहाँले बताउनुभयो। उहाँले भन्नुभयो, “यो वर्ष छुट्ट्याइने कि भनेर छलफल भइरहेको छ ।”

बोर्डले सडक उपभोग दस्तुर, पेट्रोलियम पदार्थमा सरकारले लिने लेबी, सवारीसाधन दर्ता शुल्कलगायतबाट सडक मर्मतका लागि बजेट प्राप्त गर्दछ। सडक उपभोग दस्तुर सिधैँ बोर्डको खातामा आउने भए पनि अरु रकम सरकारले लिएर छुट्टाएर दिने गरेको छ। उपभोग दस्तुरमध्ये दुई तिहाई रकम त्यही सडकमा खर्च गर्नुपर्छ। बुटवाल-नारायणगढ सडकमा अहिले एशियाली विकास बैंक (एडिबी) ले विस्तार गरिरहेको छ तर सो सडकमा उठाइएको दस्तुर ऐनअनुसार अन्यत्र लैजान पाइँदैन भनेर रोकिएको बोर्डले जनाएको छ।

सरकारले विगतमा चार ठाउँमा दस्तुर उठाउँदै आएकामा अरु थप सडकमा समेत विस्तारको लक्ष्य लिएको थियो। तर कोभिड-१९ का कारण सडकमा सवारीसाधन ह्वात्तै घटेकाले उठाइरहेको स्थानमा समेत रोकिएको छ। बोर्डले ‘हाम्रो सडक’ एप्समार्फत आएका गुनासोका आधारमा समेत मर्मत गराउँदै आएको छ। चालू आवमा सरकारले सडकको आवधिक मर्मत र पुनःस्थापनाको लागि सडक बोर्डमार्फ खर्च गर्ने गरी रु आठ अर्ब विनियोजन गरेको थियो। सरकारले सडक मर्मतका लागि बजेट अभाव हुन नदिन पेट्रोल र डिजेलमा थप रु एक लिने समेत निर्णय गरेको थियो। राजमार्ग तथा ठूला सडकको मर्मत सम्भारका लागि दीगो स्रोत सुनिश्चित गर्न सडक प्रयोगकर्ताबाट शुल्क लिने नीति अवलम्बन गर्ने बजेट बक्तव्यमा उल्लेख छ।

# बलात्कार विरुद्ध कडा कानून ल्याइने : प्रधानमन्त्री

काठमाडौँ, ३० असोज (रासस) ।

प्रधानमन्त्री केपी शर्मा ओलीले मुलुकमा हुने जुनसुकै प्रकारका हत्या, हिंसा, अतिवाद र सामाजिक अपराध नियन्त्रणमा सरकार दृढ-सङ्कल्पित रहेको बताउनु भएको छ । प्रहरी प्रधान कार्यालयमा बिहीबार आयोजित ६५औँ प्रहरी दिवस समारोहलाई सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले त्यस्ता अवाञ्छित क्रियाकलाप विरुद्ध सक्रियता र निर्भिकताका साथ खटिन सुरक्षाकर्मीलाई आग्रह गर्नुभयो । उहाँले यस्ता गतिविधितर्फ नागरिक समाज सचेत र सजक रहनु उत्तिकै जरुरी छ, भन्नुभयो ।

प्रधानमन्त्री ओलीले एसिड आक्रमणका विरुद्ध नयाँ कानून ल्याएर कडा कदम चाल्ने सरकारले अठोट लिएको जानकारी गराउँदै बलात्कार विरुद्ध पनि त्यस्तै कडा कानून ल्याइने बताउनुभयो । "बलात्कारका घटना निन्दनीय र मानवता विरोधी अपराध रहेकाले त्यस्ता गतिविधि नियन्त्रणमा सरकार अझ कडा कानुन ल्याउने तयारीमा छ", प्रधानमन्त्री ओलीले भन्नुभयो, "बलात्कार जस्ता घटना मिलापत्रका नाममा छोपछाप गर्ने काम सह्य हुन सक्तैन ।" उहाँले यस्ता घटनामा भनसुन र सामाजिक दबावबाट टाढा रहन नेपाल प्रहरीलाई निर्देश गर्नुभयो । उहाँले कानून कार्यान्वयन गर्दै अपराधविहीन समाज निर्माण गर्न र दिगो शान्तिमा योगदान पुऱ्याउनेतर्फ केन्द्रित हुन प्रहरीलाई आग्रह गर्नुभयो ।

प्रधानमन्त्री ओलीले विश्वसामु अदृश्य शत्रुको रुपमा देखा परेको कोभिड-१९ महामारीको चुनौती व्याप्त रहेको र नेपालमा गर्न खोज्दाखोज्दै पनि नियन्त्रणमा आउन नसकेको बताउनुभयो । सङ्क्रमणको विषम अवस्थामा स्वास्थ्यकर्मी र सुरक्षाकर्मीबाट प्रदर्शन भएको कर्तव्य परायणताको उहाँले खुलेर प्रशंसा गर्नुभयो । यस्तो अवस्थामा आत्मानुशासन र संयमित रहनुपर्ने कर्तव्य नभुल्न आम समुदायसँग उहाँले अनुरोध गर्नुभयो ।

प्रधानमन्त्री ओलीले भन्नुभयो, "सङ्क्रमणको महामारीबाट कोही पनि भयभीत हुने होइन, उच्च सतर्कता कायम राख्नुपर्छ, यस्ता घातक रोगले कुनै पनि बेला कसैलाई पनि आक्रमण र नोक्सान गर्नसक्छ भन्ने बारेमा सर्तक रहनुपर्छ ।" उहाँले महामारीको घडीमा सङ्क्रमण फैलिन निरोधात्मक उपाय अवलम्बन गर्नुको विकल्प नभएकोसमेत बताउनुभयो ।

उहाँले जोखिममा रहेर कर्तव्यपालनामा खटिँदा सङ्क्रमित हुन पुगेका सबैको स्वास्थ्यलाभको कामना गर्नुभयो । मुलुकको समृद्धि, समुन्नती र सुशासनका लागि आन्तरिक सुरक्षा व्यवस्था सुदृढ हुनु जरुरी रहेकोतर्फ प्रधानमन्त्री ओलीले सुरक्षाकर्मीको ध्यानाकर्षण गराउनुभयो । उहाँले त्यसैको जगमा बसेर कानूनी शासन, मानवअधिकार र सुशासन तथा विकासका आधार निर्माण हुने उल्लेख गर्नुभयो ।

नेपाल प्रहरीलाई मुलुकको आन्तरिक सुरक्षाको मियोको संज्ञा दिँदै प्रधानमन्त्री ओलीले कर्तव्यवोधले मात्रै मुलुकको समृद्धि, कानूनी शासन र सुशासनको पूर्ण अनुभूति गर्न सक्ने विश्वास व्यक्त गर्नुभयो । उहाँले अपराधले भौगोलिक सीमाको पर्खाललाई तोडेको, अपराधको सञ्जाल अन्तरदेशीय विस्तार भएको र सञ्जालमा आधारित अपराधले विश्वभर आकार ग्रहण गरिरहेको सन्दर्भमा चनाखो हुन प्रहरीलाई आग्रह गर्नुभयो ।

उहाँले विज्ञान, सूचना र प्रविधिको विकासले एकातर्फ मानिसको जीवनशैलीलाई सहज बनाएको तर अर्कोतर्फ यसको दुरुपयोगले दुखदायी घटना बेहोर्नु परिरहेको बताउनुभयो । " यस्तो अवस्थामा पर्याप्त सतर्क हुन सकेनौँ भने कठिनाई थपिन सक्छ, चुनौती नथपिउन् भनेर आज देखा परेको चुनौतीको समय मै उपयुक्त ढङ्गले सामना गर्नुपर्ने हुन्छ", प्रधानमन्त्री ओलीले भन्नुभयो ।

प्रधानमन्त्री ओलीले प्रविधिमा दक्ष तर सामाजिक र राष्ट्रिय जिम्मेवारीप्रति असंवेदनशिल समूहले स्वार्थ प्रेरित रुपमा फैलाउने अफवाह चुनौतीको रुपमा देखा परेको जिकिर गर्नुभयो । उहाँले त्यस्ता गतिविधि विधिसम्मत रुपबाट कसरी निस्तेज गर्न सकिन्छ, त्यसतर्फ ध्यान दिन सम्बद्ध संस्था र व्यक्तिलाई सचेत गराउनुभयो ।

भ्रष्टाचार विरुद्ध शून्य सहनशिलताको नीति सरकारको रहेको दोहोऱ्याउँदै प्रधानमन्त्री ओलीले त्यसलाई पूर्ण कार्यान्वयनमा लैजान प्रहरीको महत्वपूर्ण भूमिका हुने बताउनुभयो । उहाँले लोभलाभभन्दा माथि उठेर जनतालाई न्याय दिलाउनतर्फ लाग्न प्रहरीसँग आग्रह गर्नुभयो । उहाँले देश र जनतालाई गलत सूचना दिएर गलत बाटोमा लैजाने चेष्टा भइरहेकोतर्फ प्रहरीको ध्यानाकर्षण गराउनुभयो । प्रहरी माथिको विश्वास कमजोर हुँदा सम्बन्ध कमजोर हुँदै जाने र त्यसले कालान्तरमा शान्ति सुरक्षामा नै असर पुऱ्याउने भएकाले जनतासँगको सम्बन्ध प्रगाढ बनाउन सुझाव दिनुभयो । उहाँले प्रहरीको संस्थागत हितमा सरकार सदैव साथमा रहेको जानकारी गराउनुभयो ।

प्रधानमन्त्री ओलीले राष्ट्रिय एकता, सार्वभौमसत्ता राष्ट्रिय अखण्डताको जगेर्ना गर्दै राष्ट्रभाव अभिवृद्धि गर्ने मुलुकको नीति विरुद्ध दिग्भ्रमित पार्ने कुचेष्टा भइरहेकोतर्फ सचेत हुन आम नागरिकलाई अनुरोध गर्नुभयो । उक्त समारोहमा गृहमन्त्री रामबहादुर थापाले कोभिड-१९ को महामारीका कारण नयाँ सुरक्षा चुनौती थपिएको विषम परिस्थितिमा निर्भिकताका साथ जिम्मेवारी निर्वाह गरेकोमा नेपाल प्रहरीको प्रशंसा गर्नुभयो ।

गृहमन्त्री थापाले अपराधको प्रवृत्ति विश्लेषण गरेर रणनीतिक योजनाका साथ अघि बढ्न प्रहरीलाई निर्देशनसमेत दिनुभयो । सङ्गठनको सुदृढीकरणमा मन्त्रालयको सकारात्मक सहयोग रहने उहाँले विश्वास दिलाउनुभयो । प्रहरीको मनोबल उच्च बनाउन निर्देशन दिँदै गृहमन्त्री थापाले समाज र प्रहरी एक अर्काबाट भिन्न हुन नसक्ने भएकाले सोचमा परिवर्तनको खाँचो औँल्याउनुभयो । उहाँले सङ्घीय संरचनामा गएपछि अग्रगामी विकास हुनेसमेत विश्वास व्यक्त गर्नुभयो । उक्त अवसरमा प्रहरी महानिरीक्षक शैलेश थापा क्षेत्रीले प्रहरीले गरेका काम कारवाहीका बारेमा जानकारी गराउँदै एक वर्षमा ४० हजार मुद्दा अनुसन्धान गरेको जानकारी दिनुभयो । उहाँले पद्धतिको विकास गर्ने चरणमा प्रहरी सङ्गठन रहेकोसमेत बताउनुभयो ।

प्रहरी महानिरीक्षक थापाले पछिल्लो समयमा गरिएको एक अनुसन्धानले सरुवा, बढुवा र मिसनमा खटिने प्रहरी चयनको मापदण्ड पारदर्शी गर्नुपर्ने आवश्यकता औँल्याएको बताउनुभयो । उहाँले प्रहरीले जागिर छाड्नुपर्ने कारणको बारेमा उक्त अनुसन्धानले केही तथ्यहरु औँल्याएको बताउनुभयो । समारोहमा प्रधानमन्त्री ओली र गृहमन्त्री थापाले अमर प्रहरी स्मारकमा पुष्प अर्पण गर्नु भएको थियो । सोही क्रममा सेवा निवृत्त प्रहरी महानिरीक्षक अच्युतकृष्ण खरेलले अमर प्रहरीका परिवारलाई छात्रवृत्ति प्रदानमा सहयोग पुऱ्याउने उद्देश्यले रु ११ लाखको 'अच्युत- मीना अक्षयकोष' स्थापना गरी प्रहरी महानिरीक्षकलाई नगद हस्तान्तरण गर्नुभयो । समारोहमा निवृत्त प्रहरी उपरीक्षक तुलाबहादुर केसीलाई लाईफ टाईम अचिभमेन्ट अवार्ड प्रदान गरिएको थियो ।

## मेशिनमा च्यापिएर किशोरको मृत्यु

जलेश्वर, ३० असोज (रासस) ।

महोत्तरीको बर्दिबास नगरपालिका-६ मा कपडा पेल्ने मेसिनमा हात च्यापिएर एक किशोरको मृत्यु भएको छ । मृत्यु हुनेमा रौतहटको राजपुर नगरपालिका-३ बस्ने १५ वर्षीय जाकिर मियाँ धोबी रहेको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक प्रकाश विष्टले जानकारी दिनुभयो । बिहीबार साँझ बर्दिबास-६ मा पुरानो कपडा पेलेर कपास बनाउने ना ७ प १३८३ नम्बरको ट्याक्टरमा कपडा पेल्ने क्रममा किशोर धोबीको दाहिने हात च्यापिएर गम्भीर घाइते भएका थिए ।

अत्यधिक रक्तश्राव भइरहेको किशोर धोबीलाई तत्काल धनुषाको लालगढस्थित मोडल अस्पतालमा उपचारको लागि पठाइएको र त्यहाँ सामान्य उपचारपश्चात विशेष उपचारको लागि वीरगञ्जस्थित नेसनल मेडिकल कलेजमा पठाइएकोमा उनको सोही अस्पतालमा उपचारकै क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ । यता कपडा पेल्ने मेशिनसहितको ट्याक्टर र चालक रौतहट, ईशनाथ नगरपालिका-९ बस्ने २३ वर्षीय असलम मियाँ ईलाका प्रहरी कार्यालय बर्दिबासको नियन्त्रणमा रहेको जनाएको छ ।


राजविराज नगरपालिका

७ नं. वडा कार्यालय

राजविराज, सप्तरी

२ नं. प्रदेश, नेपाल

पत्र संख्या:-२०७७/०७८

च.नं. ९३४

मितिः-२०७७/०६/२६

सुचना ! सुचना !! सुचना !!!

वडा नं. ७ बाट जारी भएको जगगा धनि बसन्त कुमार जैन को हक भोग सम्बन्धी सुचना

उपरोक्त सम्बन्धमा जिल्ला सप्तरी राजबिराज नगरपालिका वडा नं.१ हाल वाड नं. ७ बस्ने छगनमल्ल जैनको नाती भिखमचन्द जैनको छोरा बसन्त कुमार जैंन को मृत्यु २०७७/६/०५ गते आफनै काल गती मा मृत्यु भई वडा कार्यालयमा उपस्थीत भई मृतक बसन्त कुमार जैनको म निवेदीका पत्नी ममता जैन हु निज मृतक को हक अपुताली खाने हरु कोही नभई म एक मात्र पत्नी भएको ले तपसिलमा अल्लेख भएको प्लोट नं. को जग्गा सो जग्गामा बसोबास गरी रहेको पक्की घर अगेल को जग्गा मेरो नाउमा नामसारी गरी पाऊँ भनी दिएको निवेदन को द.न. ११२ पाग अनुसार दावी पेश गरेको हुदा उक्त जग्गा निज निवेदीकाको नाउमा दर्ता गर्न मिल्ने वा नमिल्ने तथा बसन्त कुमार जैनको कोही नजिकको हकदार भए सुचना प्रकाशित भएको मिति ले ३५ दिन भित्र यस वडा कार्यालयमा आ-आफनो सवुत प्रमाण लिई उपस्थित हुनु होला अन्यथा म्याद भित्र कसैको उजुर वाजुर प्राप्त नभएको खण्डमा यसै सुचना लाई आधार मानी कानुन बमोजिम भई जाने ब्यहोरा समेत जानकारीको लागी अनुरोध छ ।

तपसिल

मुत्क बसन्त कुमार जैनको नाउमा दर्ता कायम रहेको जग्गा

| जिल्ला | न.पा. | वार्ड नं. | प्लोट नं. | क्षेत्रफल |
| --- | --- | --- | --- | --- |
| सप्तरी | रा.बि.न.पा. | १ हाल ७ | ३/१ | ०-०-१३१/२ |

मांगी लाल नाई

वडा अध्यक्ष

## विश्व समाचार

### विद्युतीय धरापमा परेर पाकिस्तानमा १४ सुरक्षाकर्मी मारिए

ग्वादर, ३० असोज (रासस/एएनआई) ।

पाकिस्तानको ग्वादर क्षेत्र नजिकै पर्ने बुजी टपमा १४ सुरक्षाकर्मीहरु मारिएका छन् । स्थानीय समय अनुसार बिहीबारको मध्यराती १२ बजे उनीहरुको मृत्यु भएको अधिकारीहरुले शुक्रबार जानकारी दिएका छन् । ओर्मारा नजिकै पर्ने बन्दरगाह राजमार्गमा घटना भएको हो । ग्वादरदेखि कराँचीसम्म तेल तथा ग्यास विकास कम्पनी लिमिटेडका कर्मचारीहरु पनि खटाइएको थियो । तर उनीहरु भने सुरक्षित रहेको जनाइएको छ । सैनिकहरु चढेको दुई ओटा सवारी साधन विद्युतीय धरापमा परेर दुर्घटना भएको अधिकारीहरुले जनाएका छन् । विस्फोटन पछि सवारी साधन पनि पुरै जलेर नष्ट भएको छ । घटनाका बारेमा थाहा पाउनासाथ प्रधानमन्त्री इमरान खानले दुःख व्यक्त गर्दै मृतकका परिवारजन, इष्टमित्रप्रति सहानुभूति व्यक्त गर्नुभएको छ ।

### सम्झौताप्रति प्रतिबद्ध रहन तालिबानलाई अमेरिकी विशेषदूतको आग्रह

काबुल, ३० असोज (रासस-एएनआई) ।

अफगानिस्तानका लागि अमेरिकी विशेषदूत जाल्मे खलिलजादले अमेरिका-तालिबान बीचको सम्झौताको पूर्ण कार्यान्वयनमा प्रतिबद्धता व्यक्ति गर्न तालिबान समूहलाई आग्रह गर्नु भएको छ । अफगानिस्तानमा पछिल्लो समय हिंसात्मक घटना बढेका प्रति चिन्ता व्यक्त गर्दै विशेषदूत खलिलजादले शान्तिप्रतिको अफगानी जनताको भावनालाई सम्मान गर्न आग्रह गर्नु भएको छ । उहाँले ट्वीट मार्फत भन्नुभएको छ, "तालिबान समूहसँग म र जनरल मिलरले धेरै चरणमा प्रत्यक्ष भेटवार्ता र छलफल गरेका छौं । यी बैठकमा अमेरिका-तालिबानबीच भएका सम्झौता र व्यक्त सबै प्रतिबद्धताहरुको कार्यान्वयनमा सहमति भएको छ ।"

उहाँले अहिले ठूलो संख्यामा अफगानी जनताहरु मारिएको बताउँदै सरकार र तालिबान दुबै पक्षबाट हिंसामा कमी ल्याउन पहल हुने विश्वास व्यक्त गर्नु भएको छ । हालै मात्र तालिबान समूहले गरेका आक्रमणप्रति संकेत गर्दै विशेषदूत खलिलजादले हालैका साताहरुमा आक्रमणका घटनामा वृद्धि भएका र त्यसले शान्ति प्रक्रियालाई नै धरापमा पार्न खोजेको बताउनुभएको छ । उहाँले भन्नुभएको छ, "हामी हाम्रा तर्फबाट भूमिका निर्वाह गर्नेछौं र त्यसको कार्यान्वयनको पूर्ण सक्रियताका साथ अनुगमन गर्नेछौं । यस कार्यमा सहयोग गर्ने हाम्रा अन्तर्राष्ट्रिय साझेदारहरुलाई निरन्तरको सहयोग र समर्थनका लागि आभार व्यक्त गर्दछौं ।" तालिबानका प्रवक्ता मोहम्मद नसिमले ट्वीट गर्दै समूहका प्रमुख वार्ताकार मौलबी अब्दुल हकिमले अमेरिकी विशेषदूत खलिलजाद र जनरल मिलरसँग भेटघाट गर्नु भएको बताउनु भएको छ । कतारको दोहामा भएको भेटवार्तामा उहाँहरुबीच शान्ति सम्झौताको कार्यान्वयनका विषयमा विस्तृत छलफल भएको प्रवक्ता नसिमले जानकारी दिनु भएको छ ।

नेटो सैन्य प्रमुख जेन्स स्टोल्टेन्बर्गले पनि अमेरिकी विशेषदूतसँग भेटवार्ता गरी अफगानिस्तानको पछिल्लो स्थितिका बारेमा छलफल गरिएको स्टोल्टेन्बर्गले ट्वीट मार्फत जानकारी गराउनु भएको छ । उहाँले दोहा वार्ताले शान्ति स्थापनार्थ एउटा उत्कृष्ट मौका सिर्जना गर्ने विश्वास व्यक्त गर्दै तालिबान समूहले आफ्ना प्रतिबद्धता पूरा गर्नुपर्ने तथा हिंसात्मक घटनामा कमी ल्याउनु पर्नेमा जोड दिनु भएको छ । स्थानीय संचार माध्यमहरुका अनुसार हेल्मान्ड प्रान्तको लस्करगाह र त्यस वरपर विगत छ दिनदेखि तालिबान समूह र सरकारी फौजबीच भिडन्त जारी छ । बुधबार मात्र हेल्मान्डको नवा जिल्लामा प्राविधिक गडबडीका कारण सेनाको एमआई-१७ हेलिकप्टर दुर्घटनाग्रस्त हुँदा कम्तीमा ९ जनाको ज्यान गएको थियो । तालिबान समूहले प्रान्तीय राजधानी र आसपासका क्षेत्रमा संगठित आक्रमण गरेको थियो । अधिकारीहरुका अनुसार सोमबार राति लडाकू बिमानको सहयोग समेत लिएर अफगान कमान्डोले लस्करगाहमा तालिबान लडाकू विरुद्ध कारबाही गरेको अफगान रक्षा मन्त्रालयले जनाएको छ । हालैका दिनमा जारी भिडन्तका कारण हजारौं व्यक्ति अन्यत्र पलायन भएका छन् ।

### कोरोनाका कारण विश्वभरी ११ लाख तीन हजारको मृत्यु

पेरिस, असोज ३० (रासस/एपी) ।

महामारीको रुपमा फैलिएको कोरोनाभाइरसका कारण विश्वभरी हालसम्म ११ लाख तीन हजार ३७९ जनाको मृत्यु भएको छ ।

विभिन्न निकायहरुले सार्वजनिक गरेको विवरण अनुसार कोरोनाभाइरसबाट विश्वभरी सङ्क्रमित भएकाहरुको कुल सङ्ख्या तीन करोड ९२ लाख सात हजार ४३६ पुगेको छ ।

लिस्कुल सङ्क्रमित मध्ये दुई करोड ९३ लाख ९७ हजार ८३५ जना कोरोनाभाइरसबाट सङ्क्रमणमुक्त भइसकेको तथ्याङ्क छ ।

विश्वभरी अहिलेपनि ८७ लाख छ हजार २२२ जना सङ्क्रमित अवस्थामै रहेका छन् । ती मध्ये ८६ लाख ३५ हजार ३१६ जनाको अवस्था मध्यम छ भने अरु ७० हजार ९०६ जनाको अवस्था गम्भीर रहेको जनाइएको छ । सङ्क्रमितहरुको सङ्ख्याका आधारमा अमेरिका सबैभन्दा अगाडि रहेको छ भने भारत, ब्राजिल, रुस, स्पेन, अर्जेन्टिना, कोलम्बिया, पेरु, मेक्सिको र फ्रान्स क्रमशः अग्र देशमा रहेका छन् ।

अमेरिकामा अहिलेसम्म ८२ लाख १६ हजार ३१५ जना सङ्क्रमित भएका छन् भने दुई लाख २२ हजार ७१७ जनाको मृत्यु भएको छ । त्यसैगरी भारतमा ७३ लाख ७० हजार ४६८ जना सङ्क्रमित हुँदा एक लाख १२ हजार १६१ जनाको मृत्यु भएको विवरण छ ।

सङ्क्रमितहरुको संख्या हेर्दा ब्राजिलमा ५१ लाख ७० हजार, रुसमा १३ लाख ६९ हजार स्पेनमा नौ लाख ७२ हजार मानिस कोरोनाभाइरसबाट सङ्क्रमित भएका छन् । गत डिसेम्बरमा चीनको वुहानमा पहिलो पटक देखिएको पुष्टि गरिएको कोरोनाभाइरस अहिले फैलिदै विश्वका २१६ देशमा पुगिसकेको छ ।

# कोरोना महामारी पीडितलाई सबल नेपालको खाद्यान्न सहयोग




**दैनिक समाचारदाता**
**राजविराज, ३० असोज ।**

कोरोना महामारीका कारण बच्न अपनाएको बन्दाबन्दीको चपेटामा परि पारिवारिक गुजारा चलाउन अत्यन्त कठिनाई भएका परिवारहरुलाई सबल नेपालले खाद्यान्न, शैक्षिक तथा सफाईसामग्री र बेबी प्याक सहयोग गरेको छ ।

सप्तरीको खडक तथा सुरुङ्गा नगरपालिकाका अति प्रभावित १ सय ६८ परिवारलाई प्रति परिवार ८ हजार ६ सय २५ रुपैया बराबरको खाद्यान्न र आवश्यकता अनुसार २ हजार ५ सय पर्ने शैक्षिक सामग्री तथा १ हजार पर्ने बेबी प्याक बितरण गरिएको हो ।

सेभ द चिल्ड्रेनको सहयोगमा └ आयोजित कार्यक्रममा सुरुङ्गा नगरपालिकास्थित कदमाहाबाट सुरुवात गरिएको उक्त कार्यक्रमको मेयर मुक्तिनाथ चौधरीले उद्घाटन गरेका थिए ।

महामारीको बेला अनावश्यक भिड र झन्झट न्यूनीकरण गर्नका लागि प्रभु बैंक लिमिटेडको प्राविधिक सहयोगमा भौचर ट्रान्सफर प्रोग्राममार्फत उक्त सामग्रीहरु प्रभावित परिवारहरुलाई भौचर कोडलाई उपलब्ध गराएको छुटाछुट्टै तोकिएको पसलमा सेवाग्राहीले सजिलै सामग्रीसँग साट्न गरि व्यवस्था मिलाएको सबल नेपालका कार्यकारी निर्देशक दिपक झाले बताए ।

यस अघि सबल नेपालले नै बन्दाबन्दिका कारण जीविकोपार्जन र रोजगार गुमाएका १ सय ५० भन्दा बढी परिवारलाई सहयोग गरेको थियो ।

# किशोरीमाथि दुर्व्यवहार गर्नेलाई कारवाहीको माँग गर्दै धर्ना



**दैनिक समाचारदाता**
**राजविराज, ३० असोज ।**

किशोरीमाथी हातापात र दुर्व्यहार गर्नेलाई कारवाहीको माँग गर्दै नरसिंह हिन्दु सेना नेपालको अगुवाईमा शुक्रवार जिल्ला प्रशासन कार्यालय सप्तरी अगाडि धर्ना र बिरोध प्रदर्शन गरिएको छ ।

नरसिंह हिन्दु सेनाआवद्ध युवाहरुले प्रशासन कार्यालयको मुख्य गेट अगाडि दुई घण्टा धर्ना दिनुको साथै बिरोध प्रदर्शन गरेका हुन ।

घटना विवरण अनुसार दुई दिन अघि बाखी चराउन गएकी राजबिराज १ कि १३ बर्षिया किशोरीलाई सोही वडाका ४/५ जनाले दुर्व्यवहार गरेका थिए ।

नरसिंह हिन्दु सेना नेपालका बिष्णु प्रसाद साहले किशोरीमाथि दुर्व्यवहार गर्नेहरू खुलेआम घुमिरहेको र प्रहरीले पक्राउ नगरेको कारण दवाव दिन बिरोधमा उत्रिएको बताए ।

नगर वाल संजालकी अध्यक्ष अनिषा ठाकुरले पीडित किशोरीलाई न्याय दिलाउन धर्ना एंव बिरोध प्रदर्शन गरिएको बताईन ।

प्रदर्शनमा सहभागि युवाहरूले हिन्दु समुदाय माथि अर्का एक समुदायबाट निरन्तर हत्या, हिंसा, बलात्कार र कुटपिटको घटना बढ्दै गएको भन्दै यस्ता अपराधमा सलग्नलाई अविलम्व पक्राउ गरी कारवाही नगरिए आन्दोलन चर्काउने चेतावनी समेत दिएका छन ।

प्रमुख जिल्ला अधिकारी शंकरहरी आचार्यले घटना बारे सत्य, तथ्य छानबिन गरिने र दोषी माथि कार्यवाही गर्ने आश्वासन दिएपछि धर्ना र बिरोध प्रदर्शन दुई घण्टा पश्चात् रोकिएको थियो ।

### *एक साताका ...*

ठाकुरद्वारा जारी सूचनामा मन्दिरका तर्फबाट गरिने नित्य पूजापाठ बाहेकका अन्य सम्पूर्ण कार्य/गतिविधि हुन/गर्न निषेध गरिएको जनाइएको छ ।

## जिल्ला प्रशासन कार्यालय,सप्तरीद्वारा जारी गरिएको निषेधाज्ञा सम्बन्धी सूचना

मिति २०७७।०६।३०

स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६(३) र संक्रामक रोग ऐन, २०२० ले दिएको अधिकार प्रयोग गरी जिल्ला सुरक्षा समितिको मिति २०७७।०६।३० को बैठकको निर्णायानुसार सप्तरी जिल्ला स्थित सम्पूर्ण शक्तिपिठ एवं मन्दिर परिसर क्षेत्रलाई निषेधित क्षेत्र घोषित गरिएको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराईन्छ।

जिल्ला सुरक्षा समितिबाट अन्यथा निर्णय नभएमा हाललाई उक्त निषेधाज्ञाको अवधि मिति २०७७।०६।३० गते राति ११:०० बजे बाट २०७७।०८।०७ गते राति ११:३० बजेसम्म कायम गरिएको छ । निषेधाज्ञाको अवधिमा उल्लेखित स्थानहरुमा मन्दिरका तर्फबाट गरिने नित्य पूजा पाठ बाहेकका अन्य सम्पूर्ण कार्य/गतिविधी हुन गर्न निषेध गरिएको व्यहोरा समेत सबैमा जानकारी गराउँदै, कोभिड-१९ संक्रमणलाई दृष्टिगत गरी भीडभाड नगरी, सुरक्षित साथ आ-आफ्नै घरमा आफ्नो परम्परा अनुसार आगामी चाडपर्वहरु मनाउन सम्पूर्ण जिल्लावासीमा हार्दिक अनुरोध छ।

# सूचना

**हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका ब्यक्तिहरुले सञ्चार क्षेत्रको हवाला दिंदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रुपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ। यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ।**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# हमरा सभकऽ जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोकेय लेल अपनाबु होशीयारी

- कोराना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमसँ फैलऽवाला संक्रमण अछि।
- संक्रमित भेल ब्यक्तिसँ खोकला आऽ छिँकलासँ निकलैवाला थुक आऽ पोटाकऽ माध्यमसँ यी भाइरस एक ब्यक्ती सँ दोसर ब्यक्तिमे फैलइ अछि।

**यी रोगसँ बचबाक लेल की करैय परतई ?**

- खोकैत आऽ छिँकैत काल नाक, मुख झापु आऽ प्रयोग क्यालगेल टिसूपेपरकऽ तुरन्त कुडा फेकेवाला कुडादानीमे फेकू।
- समय-समयमे साबुन पाइनसँ निकसँ मैलमैलकऽ २० सेकेण्डधरि हात धोबु। आऽ सनिटाइजर हातमे लगाबु। ककरोसँ भेटैछी त हात नहिं मिलाबु। खाली नमस्कार आऽ प्रणाम केल करू।
- खोकी लागल आदमीसँ दुरी बनाकऽ रहु। आऽ अगर अपनहूके खोकी लागल अछि त दोसर आदमीसँ दुर रहु। भीडभाडमे नहिं जाउ आऽ दोसरो लोग सभके भीडभाडमे नहिं जाउ से कहिके बुझाबु।
- आवश्यकता पडलापर मास्कके उचीत प्रयोग करू ।

**आरो ध्यान देववाला बात :**

- बुखार लगलापड, खोकी भेलापड आऽ साँस लेलापर दिकत भेलापर जल्दिसँ लगके स्वास्थ्य संस्थामे सम्पर्क करू।
- कोरोना भाइरस रोगके बारेमे बेसी जानकारीके लेल पैसा नहिं लागैवाला टेलीफोन नम्बर १११५ मे फोन कऽ सकैछी।
- डेराऊ नहिं, सतर्क रहू।

## छिन्नमस्ता गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु →
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६
ipay remit
CITY EXPRESS MONEY TRANSFER
Best Remit Quick & Easy
PRABHU Money Transfer प्रभुको इच्छा रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*